मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

पूर्वाञ्चल

Purwanchal National Daily

◆ वर्ष : २८ ◆ अङ्क : १२० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ चैत ५ गते आइतवार (Sunday, March 19. 2023) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

विश्वासको मतमा दश दल एक ढिक्का

झापा, चैत ४ । सत्ता गठबन्धनका १० दलका शीर्ष नेताहरुको बैठक बालुवाटारमा सम्पन्न भएको छ ।

बैठकमा भोलि संसदमा प्रस्तुत गर्ने विधेयक र पर्सि सरकारले लिने विश्वासको मतमा एकमतका साथ प्रस्तुत हुने सहमति बनेको छ ।

राष्ट्रपतिको निर्वाचनमा चुनावअघिको गठबन्धन ब्यूँताउँदै नेपाली कांग्रेससहित ८ दल एक ठाउँमा उभिएपछि नेकपा एमाले सरकारबाट बाहिरिएको थियो । सो आठदलीय गठबन्धन पछिल्लो समय १० दलीय बनेको हो ।

एमाले सरकारबाट बाहिरिएपछि प्रधानमन्त्री पुष्पकमल दाहालले भोलि चैत ६ गते पुनः विश्वासको मत लिँदै छन् । यसपछि कांग्रेससहितका दललाई समावेश गरी प्रधानमन्त्रीले मन्त्रिपरिषद् विस्तार गर्ने तयारी गरेका छन् ।

बैठकमा प्रधानमन्त्री दाहालसहित नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र उपसभापति पूर्णबहादुर खड्का तथा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, लोकतान्त्रिक समाजवादी पार्टीका नेता शरतसिंह भण्डारी, जनमत पार्टीका अध्यक्ष सीके राउत, आम जनता पार्टीका अध्यक्ष प्रभु साह, नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ, नेपाल समाजवादी पार्टीका अध्यक्ष बाबुराम भट्टराईलगायतको सहभागिता थियो ।

राष्ट्रपति, उपराष्ट्रपतिको निर्वाचनपछि मुलुकको समसामयिक राजनीतिक विषयमा छलफल गर्न सत्ता गठबन्धनको बैठक बसेको हो ।

डिएसपीको कमाण्डमा सीमाका ५० गुल्म

भद्रपुर, चैत ४। सशस्त्र प्रहरी बल नेपालले इलाम र झापासहित तराईका मुख्य सीमा नाकाहरूमा स्थापित बोर्डर आउट पोस्ट (बिओपी)हरूमा सशस्त्र प्रहरी नायव उपरीक्षक (डीएसपी) खटाएको छ ।

सशस्त्र प्रहरी बलले चैत ३ गतेदेखि लागू हुने गरी पूर्वको इलामदेखि पश्चिमको कञ्चनपुरसम्मको मुख्य नाकाहरूमा स्थापित ५० वटा बिओपीमा डीएसपी खटाएको हो । बलले

(बाँकी अन्तिम पृष्ठमा)

स्थानीयले टेरेनन् मेयरको आदेश

□ अमित खम्बू

अर्जुनधारा,चैत ४। माई नगरपालिकाका प्रमुख खम्बासिंह लिम्बूको निर्देशनमा झापा र इलामको सीमानामा रहेको सुखानी सहादतस्थलमा स्थगित भएको योजना निर्माणको कार्य सञ्चालन हुने भएको छ ।

सुखानी सामुदायिक वन उपभोक्ता समूहले झापाको अर्जुनधारा नगरपालिका-३ र इलामको माई नगरपालिका-४ स्थित सुखानी सहादतस्थलमा शनिबार आयोजना गरेको सर्वपक्षीय भेलाले उक्त निर्णय गरेको हो ।

तत्कालीन पञ्चायत शासन विरुद्ध आन्दोलन गर्दा मारिएका पाँच जना शहीदसँग जोडिएको उक्त ऐतिहासिक स्थलको संरक्षण तथा विकासका लागि चालू आर्थिक वर्ष ०७९/०८०मा संघीय सरकारबाट सशर्त अनुदान अर्न्तगत १० लाख रुपैयाँ बजेट विनियोजन भएपछि समूहले सम्झौता अनुसार निर्माण कार्य शुरु गरेको थियो ।

गत फागुन १० गते अर्जुनधारा नगरपालिकामा योजनाको सम्झौता गरी कार्य गर्ने क्रममा माई नगरपालिकाका प्रमुख लिम्बूले पहिलोपटक आफैं उपस्थित भएर दोस्रोपटक प्रहरी परिचालन गरेर निर्माणको काम स्थगित गर्न निर्देशन दिएको समूहका अध्यक्ष मंगलसिंह लिम्बूले बताए । समूहको क्षेत्राधिकारभित्र रहेको त्यस स्थलमा स्वीकृत पर्यापर्यटन प्रबर्द्धन कार्ययोजना-२०७८मा उल्लेख भए अनुसार कार्य गर्दा मेयरसाबले स्थगित गर्न निर्देशन दिनुको रहस्य थाहा भएन ?-उनले भने ।

पर्यापर्यटन सञ्चालन सम्बन्धी कार्ययोजना वन कार्यालयबाट स्वीकृत भइसकेको अवस्थामा समूहले काम गर्न पाउनुपर्छ भन्नेमा आफूहरु रहेको कार्यक्रमका प्रमुख अतिथि माई सब डिभिजन वन कार्यालयका अधिकृत सरोज घिमिरेले बताए ।

समूहका अध्यक्ष लिम्बूको अध्यक्षतामा सम्पन्न भेलाको माइन्यूटमा माई सब डिभिजनका अधिकृत घिमिरेसँगै माई नपाका प्रमुख लिम्बू, निवर्तमान उपप्रमुख विष्णुमाया आचार्य, अर्जुनधारा-३का निवर्तमान वडाध्यक्ष जीवकुमार भण्डारी, नेकपा एमाले अर्जुनधारा-३ वडा कमिटी प्रतिनिधि युवराज चापागाँई, राष्ट्रिय स्वतन्त्र पार्टीका प्रतिनिधि खेम दाहाल, नेकपा एकीकृत समाजवादीका प्रतिनिधि लक्ष्मी शर्मा, संघीय लिम्बुवानका प्रतिनिधि राजेन्द्र जवेगू, नेपाली कांग्रेस माई-४का प्रतिनिधि धनबहादुर कार्की, नेकपा माओवादी केन्द्र माई-४का प्रतिनिधि लक्ष्मण आले, जुकेखाडी सामुदायिक वन उपभोक्ता समूहका पर्यटन उपाध्यक्ष दीपक दुलाल, सल्लाहकार समितिका संयोजक ओमप्रकाश सिटौला, अनुगमन-मूल्याङ्कन समितिका संयोजक मनबहादुर जवेगू, लेखा समितिका संयोजक धनबहादुर तामाङलगायतले हस्ताक्षर गरेका छन् ।

कार्ययोजना-२०७८मा के छ ?

समूहको स्वीकृत पर्यापर्यटन प्रबर्द्धन कार्ययोजना -२०७८मा सुखानी सामुदायिक वन उपभोक्ता समूहको खण्ड नं.२ मा रहेको ४.९२ हेक्टर क्षेत्रफलमा पर्यापर्यटनका मौजुदा पूर्वाधारहरुको संरक्षण, व्यवस्थापन तथा सम्भाव्य नयाँ पूर्वाधारहरुको निर्माण गरी सामुदायिक वन क्षेत्रको अधिकतम् विकास र पर्यापर्यटनका क्रियाकलापहरुको कार्यान्वयनमार्फत् उपभोक्ता समूहको आयस्रोत बढाउने उल्लेख गरिएको छ ।

गत आर्थिक वर्ष ०७८/०७९ देखि ०८७/०८८ सम्म सञ्चालन हुने उक्त कार्ययोजनाको सम्झौता पत्रमा समूहको तर्फबाट अध्यक्ष मंगलसिंह लिम्बू र डिभिजन वन कार्यालय इलामको तर्फबाट अधिकृत इन्द्रमणि भण्डारीले हस्ताक्षर गरेका छन् ।

कार्ययोजनाको लक्ष्य सामुदायिक वनमा पर्यापर्यटन सञ्चालन गरी जैविक विविधता संरक्षण गर्दै दिगो वन व्यवस्थापनबाट रोजगारी सृजना गरी स्थानीय, प्रदेश र राष्ट्रको समृद्धिमा योगदान पुऱ्याउने रहेको छ ।

के भन्छन् नगर प्रमुख ?

सुखानी सहादतस्थल ऐतिहासिक स्थल भएको हुँदा स्थानीय तहको मातहत हुनुपर्ने तर्क राख्दै आफूले निर्माण कार्य स्थगित गर्न निर्देशन दिएको माई नगरपालिकाका प्रमुख लिम्बूले स्वीकारेका छन् ।

त्यस क्षेत्रलाई आम्दानीको स्रोतभन्दा पनि भएको संरचनालाई संरक्षण गर्दै गुरुयोजना अनुसार कार्य गर्नुपर्ने उनको तर्क छ । आफ्नो नगर क्षेत्रभित्रको जमिन भएको बताउँदै उनले स्थगित भएको कार्यको जिम्मा प्रमुखको रुपमा आफूले लिने तर समूहले गर्ने योजना निर्माणको कार्य भने हुन नदिने बताए ।

(बाँकी अन्तिम पृष्ठमा)

सभामुखको अभिव्यक्तिप्रति आपत्ति

झापा, जेठ ४ । नेपाल पत्रकार महासङ्घले सभामुख देवराज घिमिरेको अभिव्यक्तिले समग्र सञ्चार क्षेत्रको आत्मसम्मानमा गम्भीर चोट पुगेको भन्दै आपत्ति जनाएको छ ।

महासंघका महासचिव रोशन पुरीले शनिवार प्रेस विज्ञप्ति जारी गर्दै संसद्को मुख्य नेतृत्वबाट पदीय हैसियत र मर्यादा विपरीत सञ्चार क्षेत्रप्रति आधारहीन र आपत्तिजनक अभिव्यक्ति दिएको भन्दै आपत्ति जनाएका हुन् ।

शुक्रबार सङ्घीय संसद्ले बनाउने सञ्चार क्षेत्रसँग सम्बन्धित कानूनका विषयमा छलफल गर्न र सभामुखलाई बधाई ज्ञापन गर्ने कार्यक्रममा सभामुख घिमिरेले दिएको अभिव्यक्तिप्रति महासङ्घले असन्तुष्टि जनाएको हो ।

विज्ञप्तिमा सार्वभौम संसद्को मूल नेतृत्वबाटै आफ्नो पदीय हैसियत र मर्यादाविपरीत सञ्चार क्षेत्रप्रति आधारहीन र आपत्तिजनक अभिव्यक्ति प्रकट हुनु अत्यन्त दुःखद् भएको उल्लेख छ । उक्त अभिव्यक्तिले यस क्षेत्रको विश्वसनीयता र व्यावसायिकतामा आँच आउन सक्नेतर्फ महासङ्घले गम्भीर चासो र चिन्ता प्रकट गरेको उनको भनाइ छ ।

विज्ञप्तिमा सभामुखको अभिव्यक्तिप्रति तत्काल नै महासङ्घको नेतृत्वले सभामुखको सचिवालयमार्फत ध्यानाकर्षण गराएको र सभामुखबाटै उक्त आधारहीन अभिव्यक्ति फिर्ताका लागि आग्रह गरेको बताइएको छ ।

गाँजा सहित २ जना पक्राउ

सुनसरी, चैत ४। सुनसरीको इटहरी उप-महानगरपालिका-४ बाट प्रतिबन्धित लागू औषध गाँजा सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा इटहरी-५ का भीम तामाङ र बेलका नगरपालिका-४ उदयपुरका सुमन नेपाली रहेका छन् । इटहरी-४ स्थित सार्वजनिक बाटोमा गाँजा खरिद बिक्री भइरहेको भन्ने विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय इटहरीबाट खटिएको प्रहरी टोलीले उक्त स्थानमा शंकास्पद अवस्थामा प्रदेश

(बाँकी अन्तिम पृष्ठमा)

विद्युत निर्यातका लागि मोडालिटी तय गर्ने

काठमाडौं, चैत ४। नेपाल-भारतबीचको विद्युत् आदानप्रदान समितिको बैठकले नेपालले विहारको प्रसारण ग्रिडमार्फत अन्य राज्यमा विद्युत् निर्यातका लागि मोडालिटी तय गर्ने भएको छ ।

भारतको राजधानी नयाँ दिल्लीमा शुक्रबार सम्पन्न समितिको १४औं बैठकले विहारको ग्रिड हुँदै भारतको केन्द्रीय प्रसारण ग्रिडमार्फत अन्य राज्यमा नेपालले गर्ने विद्युत् निर्यातको मोडालिटी एक महिनाभित्रमा तय गर्ने निर्णय गरेको हो ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र भारतको केन्द्रीय विद्युत् प्राधिकरणका विद्युत् प्रणाली सदस्य अशोककुमार राजपुतको सहअध्यक्षतामा बैठक बसेको थियो ।

नेपालले विहारसँग प्रसारण लाइन जोडिएका विन्दुबाट भारतको केन्द्रीय ग्रिडसँग जोडिएर विद्युत् निर्यात हुने छ, यसका लागि एक महिनाभित्र दुवै पक्षले मोडालिटी टुङ्गो लगाउने छन् । यसबाट वर्षायाममा देशभित्र खपत गरी बढी भएको विद्युत् बिक्रीका लागि थप बजार सुनिश्चित भएको छ- प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले भने ।

विहारसँग कटैया (विहार)-कुशाहा (नेपाल) र रक्सौल-परवानीपुर १३२ केभी प्रसारण लाइन जोडिएका छन् । गत फागुनको पहिलो हप्तामा सम्पन्न नेपाल-भारत ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिको दशौं बैठकले कटैया-कुशवा र रक्सौल-परवानीपुर १३२ केभी प्रसारण लाइनको दोस्रो सर्किट क्रमशः मार्च २०२३ भित्र र अप्रिल/मे २०२३ मा निर्माण सम्पन्न गर्ने निर्णय भएको थियो ।

विद्युत् आदानप्रदान समितिको बैठकले विद्युत् आदानप्रदान सम्झौताअन्तर्गत आयात निर्यात हुने विद्युतको प्रतियुनिट दर सात रुपैयाँ २१ पैसा भारतीय मुद्रा (११ रुपैयाँ ५४ पैसा नेपाली) तय गरेको छ । आर्थिक वर्ष सन् २०२२/२३ का लागि १३२ केभी प्रसारण लाइनमार्फत हुने विद्युत् आदानप्रदान दर तय गरेको हो ।

विद्युत् आदानप्रदान सम्झौताबमोजिम नेपाल विद्युत्

प्राधिकरणले भारतको विहार, उत्तर प्रदेश र उत्तराखण्डबाट आवश्यक परेका बेलामा विद्युत् आयात गर्दै आएको छ । प्राधिकरणले अन्य दुई राज्यको तुलनामा आवश्यक परेका बेला सबैभन्दा बढी विहारबाट विद्युत् आयात गर्दछ । नेपालसँग विहार र उत्तर प्रदेश मात्र १३२ केभी प्रसारण लाइनमा जोडिएका छन् ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले नेपालले चाहेका बेलामा विद्युत् लिने गरी नयाँ दर तय गरिएको र उक्त दर भारततर्फ निर्यात गर्दा पनि लागू हुने बताए । आव २०१९/२० का लागि तय भएको दर त्यसपछिका वर्षलाई पुनरावलोकन हुन सकिरहेको थिएन, भारतीय पक्षबाट वार्षिक साढे पाँच प्रतिशतको मूल्यवृद्धि जोडेर प्राधिकरणले आयात गर्ने विद्युतको बिल पठाउने गरिएको थियो । विगतमा गरिएको विलिङलाई समायोजन गर्दै जाने सहमति भएको छ, यसबाट प्राधिकरणललाई करिब ३१ करोड भारु (४९ करोड ६० लाख नेरु) फाइदा भएको छ- घिसिङले भने ।

नयाँ तय गरिएको दर 'टेक अर पे' आधारमा नभएको उनले बताए । उनले भने -यो नेपाललाई आवश्यक पर्दा खरिद गरिने विद्युतको दर हो, चाहिएका बेलामा मात्र विद्युत् आयात गरिने हुँदा यो दर अहिलेको भारतीय बजारभन्दा सस्तो छ । उक्त दर हामीले विद्युत् निर्यात गर्दा पनि पाउनेछौं ।

उनले गत डिसेम्बरमा विद्युत् बिक्रीका लागि भारतीय कम्पनीसँग बिडिङमार्फत माग गर्दा फेब्रुअरी र मार्च, अप्रिल तथा मेका लागि प्रतियुनिट क्रमश : सात दशमलव ५० र आठ दशमलव ७० रुपैयाँ प्रस्ताव पेस गरेको बताए ।

प्रतिस्पर्धामा छनोट भएका कम्पनीले आयातित कोइलाबाट उत्पादित विद्युत् मात्र नेपाललाई बिक्री गर्न पाउने हुँदा कोइलाको मूल्यमा उतारचढाव आइरहेकाले उक्त कम्पनी प्रस्तावित दरमा पनि प्राधिकरणसँग सम्झौता गर्न तयार भएनन् - घिसिङले भने- विहार राज्यलाई आयातित कोइलाको व्यवस्था लागू नहुने भएकाले दर सस्तो भएको हो । प्रतिस्पर्धी बजारमा पनि दैनिकरुपमा प्रतियुनिट विद्युतको औसत दर १२ भारुसम्म पर्न गएको छ । यसमा प्रसारण शुल्कलगायत डेढ रुपैयाँ थप हुन्छ, त्यसैले अहिले तय गरिएको दर अन्यको तुलनामा सस्तो छ ।

बैठकले नेपालले विहारमा विद्युत् निर्यातका लागि एक महिनाभित्र मोडालिटी तय गर्ने निर्णय गरेको छ । नेपालले विहारसँग प्रसारण लाइन जोडिएका विन्दुबाट निर्यात गर्न एक महिनाभित्र दुवै पक्षले मोडालिटी टुङ्गो लगाउने निर्णय भएको छ । यसबाट देशभित्र खपत गरी बढी भएको विद्युत् विहारमा बिक्री गर्न थप बजार सुनिश्चित भएको छ- घिसिङले भने ।

प्राधिकरणले आवश्यक परेका बेला भारतबाट व्यापारिकरुपमा इन्डियन इनर्जी एक्सचेञ्ज लिमिटेड (आइएक्स)को डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत, विद्युत् आदानप्रदान सम्झौता (पावर एक्सेञ्ज) र महाकाली सन्धिअन्तर्गतको बिजुली आयात गर्छ ।

व्यापारिकरुपमा ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय चार सय केभी डबल सर्किट प्रसारण लाइनमार्फत र अन्य स्थानबाट पावर एक्चेञ्जअन्तर्गत भारतबाट बिजुली ल्याइरहेको छ । प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको विद्युत् चालू आर्थिक वर्षमा भारतीय बजारमा बिक्री गरी रु. आठ अर्ब ४४ करोड आर्जन गरेको छ ।

महिलाको उद्धार

झापा, चैत ४। झापाको बिर्तामोडबाट एक महिलाको उद्धार गरिएको छ । बिर्तामोडको मुक्ति चोकस्थित ट्राफिक पोष्टमा आश्रय लिएर बस्दै आएकी महिलाको शनिबार उद्धार गरिएको हो ।

अर्जुनधाराको कटहर डाँडा घर र सीता तामाङ नाम बताउने ती महिलाको पूर्व सञ्चारकर्मी तथा अभियन्ता तीर्थ सिग्देलको अगुवाई र बिर्ता लेडी जेसीज तथा जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाको सहजीकरणमा उद्धार गरिएको हो । लगभग चार महिनादेखि ती महिला उक्त स्थानमा बस्दै आएको स्थानीयहरु बताउँछन् ।

ती महिलाको मानसिक सन्तुलन केही हदसम्म बिग्रिएको सिग्देलले बताए । उद्धार गरिएकी महिलालाई इटहरीस्थित माया घरमा समन्वय गरेर लगिएको सञ्चारकर्मी कौशल कान्छोले जानकारी दिए । बिर्ता लेडी जेसीजकी अध्यक्ष संगीता गिरीले ती महिलालाई इटहरीसम्म पुऱ्याउन सहयोग गरेकी थिइन् ।

होस्टेमा हैंसे अभियान सञ्चालन गरिरहेका सिग्देलले समस्याको तत्काल समाधान खोजिने कार्य अनुरुप ती महिलाको उद्धारमा पहल गरेको बताए । उनको सहजीकरणमा सहयोग गर्ने लेडी जेसीज अध्यक्ष गिरी, सञ्चारकर्मी कान्छो, बिर्तामोड वडा नम्बर -५ का अध्यक्ष रोहित प्रसाईं, ट्राफिक प्रमुख प्रबिन जोशी, व्यवसायी विजय डालमियालगायतले सहयोग गर्ने सबैलाई धन्यवाद दिएका छन् ।

भ्रम फैलाउने युट्यूबर पक्राउ

बिर्तामोड, चैत ४। दक्षिणी भारतीय राज्य तमिलनाडुमा बिहारका मजदुरमाथि साङ्घातिक हमला भइरहेको भन्दै झूटो खबर फैलाएको आरोप लागेका एकजना भारतीय यूट्यूबरले प्रहरीसमक्ष आत्मसमर्पण गरेका छन् ।

बिहारका चर्चित यूट्यूबर मनिष कश्यपलाई मिथ्या सूचना फैलाएको आरोपमा बिहार प्रहरीले खोजी गरिरहेको थियो । तमिलनाडुमा प्रवासी कामदारमाथि निरन्तर हमला भइरहेको भन्दै उनले मिथ्या सूचना फैलाएको प्रहरीको आरोप छ ।

सामाजिक सञ्जालमा तमिलनाडुमा प्रवासी कामदारमाथि हमला भएको अफवाह फैलिएपछि त्यहाँ कार्यरत नेपाली मजदुरहरूले समेत आफूहरूले असुरक्षा महसुस गरेका र त्रासमा काम गरिरहेको बताएका थिए । बिहार प्रहरीले ट्वीट गर्दै मनिष कश्यपले आत्मसमर्पण गरेको जानकारी दिएको हो ।

त्यसबारे जानकारी दिँदै बिहार प्रहरीले ट्विटरमा भनेको छ - तमिलनाडुमा कार्यरत बिहारका बासिन्दाबारे झूटो, भ्रामक र उन्मादपूर्ण भीडीओ प्रसारित गर्ने र आर्थिक अपराधसम्बन्धी मुद्दा नम्बर ३/२३ र ४/२३ का अभियुक्त मनीष कश्यपले बेतियाको जगदीशपुर थानामा आत्मसमर्पण गरेका छन् ।

नेपाली कामदारलाई पनि असर

कश्यपसहित कैयौं व्यक्तिहरूले सामाजिक सञ्जालमा तमिलनाडुमा बिहारी मजदुरहरूमाथि साङ्घातिक हमला भएको र कतिपयको हत्या गरिएको अफवाह फैलाएपछि त्यसको असर उक्त राज्यमा कार्यरत नेपाली कामदारमा पनि परेको थियो ।

बीबीसी न्यूजसँग कुराकानी गर्दै उक्त राज्यको विभिन्न स्थानमा कार्यरत नेपाली कामदारहरूले चिन्तित बनेको बताएका थिए । त्यस क्षेत्रमा नेपालीहरूलाई पनि हिन्दीभाषीका रूपमा व्यवहार हुने भएकाले आफूहरू त्रासमा बसिरहेको नेपाली कामदारको भनाइ थियो ।

यद्यपि प्रवासी नेपाली सम्बद्ध एउटा संस्थाका नेताले नेपालीहरूमाथि कुनै पनि खालको हिंसा नभएको भन्दै नडराउन नेपालीहरूलाई अपिल गरेका थिए ।

भारतस्थित नेपाली राजदूत शङ्कर शर्माले उक्त क्षेत्रका नेपाली नागरिकहरूसँग दूतावास निरन्तर सम्पर्कमा रहेको र कुनै अप्रिय घटना भए दूतावासलाई तुरुन्तै जानकारी गराउन नेपाली समुदायलाई आग्रह गरिएको जानकारी दिएका थिए ।

इमरान खान अदालतमा उपस्थित

बिर्तामोड, चैत ४। पाकिस्तानका पूर्व प्रधानमन्त्री एवम् पाकिस्तान तेहरिक-इ-इन्साफ पार्टी (पिटिआई) का अध्यक्ष इमरान खान इस्लामावाद अदालतमा उपस्थित भएका छन् ।

शनिबार उनी इस्लामावादस्थित अदालतमा उपस्थित भएका हुन् । उनलाई समर्थकहरूले घेरेर अदालत पुऱ्याएका थिए । अदालत परिसरमा पनि सुरक्षा सतर्कता बढाइएको थियो ।

उनलाई पक्राउ गर्न लाहोरस्थित उनको घरमा प्रहरी पसेको समाचार संस्था रोयटर्सले जनाएको छ ।

अदालतले उनलाई पक्राउ गर्न अनुमति दिएको थियो । त्यसपछि गत मंगलबारदेखि प्रहरीले उनलाई पक्राउ गर्न खोजिरहेको थियो ।

पक्राउ गर्न आएका प्रहरी र उनका समर्थकबीच झडप हुँदा कयौं घाइते समेत भएका थिए । इस्लामावाद अदालतमा खानविरूद्ध विदेशी अधिकारीले दिएको उपहार अवैध रूपमा बेचेको आरोप छ । लाहोरबाट अदालत जानु अघि उनले पत्रकारसँग कुराकानी गर्दै आफू पक्राउ परे पार्टी चलाउन एक कमिटी गठन गरेको पनि बताए ।

यदि म पक्राउ परी जेल गए पार्टीको एउटा कमिटीले निर्णयहरू गर्छ,- उनले भने । उनीमाथि ९४ वटा मुद्दा लगाइएका छन् ।

गत नोभेम्बरमा प्रदर्शनको क्रममा उनीमाथि गोली चलेको थियो। गोली लागेर उनी घाइते समेत भएका थिए ।

उनले पहिले भन्दा अहिले आफ्नो ज्यानको खतरा भएको र विपक्षी राजनीतिक दल र सेनाले आफूलाई आउँदो निर्वाचनमा भाग लिनबाट रोक्न चाहेको बताएका छन् ।

प्रधानमन्त्री शेहबाज शरिफको सरकारले भने यी मुद्दामा आफ्नो हात नरहेको बताएको छ ।

खानले भने आफू अहिले पक्राउ पर्नुपर्ने कारण नभएको बताएका छन् । यस्तै मुद्दामा दोषी रहे आउँदो नोभेम्बरमा हुने निर्वाचनमा उनले भाग लिन पाउने छैनन् ।

भोलिबाट धुलावारीमा प्रथम मेची महोत्सव

धुलावारी, चैत ६ । कृषि, व्यापार र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ झापाको धुलावारीमा 'प्रथम मेची महोत्सव' हुने भएको छ ।

४० भन्दा बढी स्टल रहने महोत्सवको उद्घाटन चैत ६ गते गरिने शनिवार पत्रकार सम्मेलनको आयोजना गरी जानकारी गराइएको हो । मेची चेम्बर अफ कमर्श मेचीनगरको आयोजनामा हुन लागेको महोत्सव २१ दिनको रहने बताइएको छ ।

आयोजक मेची चेम्बर र रोलिङ क्लब धुलाबारी सहआयोजक रहेको महोत्सव फागुन २६ गतेसम्म धुलाबारीको कोलोनीमा सञ्चालन हुने शनिवार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

महोत्सव आयोजक समितिका संयोजक रवीन बस्नेतका अनुसार महोत्सवमा विभिन्न किसिमका ४० भन्दावढी स्टल रहने छन् । कृषि, व्यापार र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ आयोजना गर्न लागिएको महोत्सवमा कृषि उत्पादित स्टल, उद्योग उत्पादित जुत्ताका स्टल, खानाका विभिन्न परिकारका स्टल, फलफूल तथा जुसका स्टल, कपडाका स्टल, बैंक तथा वित्तीय संस्थाका स्टल

लगायत रहने मेची चेम्बरका अध्यक्ष रुक्मीणा आचार्य पोखरेलले बताइन् । महोत्सवलाई थप रोचक बनाउन मनोरञ्जनात्मक विभिन्न खेल तथा राष्ट्रिय एवम् स्थानीय कलाकारहरुको प्रस्तुसित रहने आयोजकले जनाएको छ ।

महोत्सवमा प्रवेश शुल्क तोकिएको छ । प्रवेश शुल्क १०० रुपैयाँ राखिएको छ । महोत्सवमा ज्येष्ठ नागरिक तथा विद्यार्थीलाई आयोजकले टिकटमा ५० प्रतिशत छुट तथा असहाय अपांगता भएका नागरिकलाई भने निःशुल्क प्रवेशको व्यवस्था मिलाइएको मेची चेम्बरका महासचिव प्रकाश खड्काले बताए महोत्सवमा ७५ लाख रुपैयाँ खर्च हुने आयोजकले अनुमान गरेको छ ।।

स्थानीय रोलिङ क्लबलाई रोलिङ च्यालेन्ज गोल्डकप आयोजना गर्न आर्थिक सहयोग पुर्याउने लगायत अन्य उद्देश्यहरु राखेर महोत्सव आयोजना गरिएको महासचिव खड्काले जानकारी दिए । पुरानो हडकङ बजारको रुपमा परिचित धुलाबारी बजार केही वर्षयता सुस्ताउँदै गएको छ । महोत्सवले धुलाबारीलाई पुरानै अवस्थामा फर्काउन सहयोग पुग्ने विश्वास पनि गरिएको छ ।

कडरिया बन्धुको १४ औं साधारणसभा सम्पन्न

सुरुङ्गा, चैत ४। कडरिया बन्धु सेवा समाज झापा-मोरङ शाखाको १४ औं साधारणसभा सम्पन्न भएको छ ।

शाखा अध्यक्ष वीरेन्द्र कडरियाको सभापतित्व र केन्द्रीय अध्यक्ष प्रभाखर कडरियाको प्रमुख आतिथ्यमा कनकाईधाम कोटीहोमस्थित कडरिया बन्धु सार्वजनिक भवनमा भएको कार्यक्रममा संस्थालाई आर्थिक, भौतिक लगायतको सहयोग पुऱ्याउने १६ जना बन्धुलाई सम्मान गरिएको थियो ।

निकट भविष्यमा आयोजना गरिने श्रीमद्भागवत सप्ताह महायज्ञका लागि अग्रिम रूपमा २० हजार १ सय रुपैयाँ सहयोग गर्ने मनमाया कडरिया र १० हजार रुपैयाँ सहयोग गर्ने गोपालप्रसाद कडरियालाई सम्मान गरिएको थियो । त्यसैगरी, ताप्लेजुङ सिदिङ्वा गाउँपालिकाका पूर्व अध्यक्ष नरबहादुर कडरिया, सोही गाउँपालिकाका वर्तमान उपाध्यक्ष कृष्णकुमारी कडरिया (वन्दना), जिल्ला समन्वय समिति ताप्लेजुङका महिला सदस्य चन्द्रकला दाहाल (कडरिया), विर्तामोड नगरपालिकाका पूर्व जनप्रतिनिधि डी.आर. कडरिया, ज्येष्ठ सदस्यहरू सोममाया कडरिया, खड्गबहादुर कडरिया, पवित्रादेवी कडरिया र आर्थिक सहयोग पुऱ्याउने भूमिराज कडरियालाई सम्मान गरिएको थियो ।

त्यसैगरी, कार्यक्रममा कडरिया बन्धु सेवा समाज अमेरिका च्याप्टरका प्रतिनिधि हरिमाया कडरिया र चन्द्रलाल कडरियालाई पनि दोसल्ला ओढाई सम्मानपत्रले सम्मान गरिएको थियो । त्यसैगरी, माध्यमिक शिक्षा परीक्षा (एसईई) २०७८ मा कडरिया बन्धुका छोराछोरीमध्ये सामुदायिक विद्यालय तर्फबाट सुकुना मावि सुन्दरहरैंचा मोरङबाट ३.१० जीपीए ल्याउने सोनिका कडरिया, संस्थागत विद्यालयतर्फबाट पाथीभरा अङ्ग्रेजी मावि दमकबाट ३.६० जीपीए ल्याउने समीक्षा कडरिया र सेन्ट जेभियर्स देउनिया झापाबाट २.८५ जीपीए ल्याई सफल हुने जेनिसा कडरियालाई जनही नगद ४ हजारसहित सम्मानपत्रद्वारा सम्मान गरिएको थियो ।

कार्यक्रममा अध्यक्ष वीरेन्द्र कडरियाले वार्षिक प्रतिवेदन, सचिव विक्रमविकास कडरियाले साङ्गठानिक प्रतिवेदन र कोषाध्यक्ष लयप्रसाद कडरियाले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

त्यस्तै, उद्गमस्थल लमजुङको धमिलीकुवा आँपचौर रहेका अत्रिगोत्रीय कडरियाहरूलाई तत्कालीन गोर्खाली राजाहरूले भारदार, पुरोहित लगायतका पदमा नियुक्त गरेको इतिहासमा अङ्कित रहेको अध्यक्षले प्रतिवेदनमा उल्लेख गरेका छन् । सबै प्रतिवेदन साधारणसभाको बन्द सत्रले छलफल गरेर पारित गरेको थियो ।

कनकाईधाम धार्मिक विकास संस्था कोटीहोमका अध्यक्ष नबलकिशोर दत्तको विशिष्ट आतिथ्य रहेको कार्यक्रममा कडरिया बन्धु सेवा समाज रामेछापका पूर्व अध्यक्ष खडानन्द कडरिया, झापा-मोरङ शाखाका पूर्व अध्यक्ष गणेश कडरिया, सम्मानित व्यक्तित्वहरू पूर्व जनप्रतिनिधि नरबहादुर कडरिया, वर्तमान जनप्रतिनिधि कृष्णकुमारी कडरिया, अमेरिका च्याप्टरका प्रतिनिधि चन्द्रलाल कडरिया लगायतले मन्तव्य राखेका थिए । सो कार्यक्रममा सेवीका कडरियाले नृत्य, अपेक्षा कडरियाले गीत र पूर्णिमा सुवेदीले कविता प्रस्तुत गरेका थिए ।

कार्यक्रमको सञ्चालन झापा-मोरङ शाखा सचिव विक्रमविकास कडरिया र केन्द्रीय परिषद् सदस्य कमलप्रसाद कडरियाले संयुक्तरूपमा गरेका थिए ।

प्रजातान्त्रिक फार्मेसी संघको कोशी प्रदेश संयोजकमा खड्का

बिर्तामोड, चैत ४ । नेपाल प्रजातान्त्रिक फार्मेसी संघको कोशी प्रदेश संयोजकमा झापा बिर्तामोडका फर्मासिस्ट जीवनकुमार खड्का नियुक्त भएका छन् ।

संघको विधान २०७५ बमोजिम खड्कालाई संघको प्रदेश अधिवेशन तीन महिनाभित्र सम्पन्न गर्न संयोजकको जिम्मेवारी दिइएको संघका केन्द्रीय कार्यवाहक अध्यक्ष सुदीपराज सुवेदीले जानकारी दिए ।

त्यस्तै, फार्मेसी पेशाको विकास तथा फार्मेसी जनशक्तिको हकहितमा कार्य गर्न खड्कालाई प्रदेश संयोजकको जिम्मेवारी दिएको बताइएको छ ।

खड्का नेपाल औषधि व्यवसायी संघ झापाका महासचिव तथा बिर्तामोड उद्योग वाणिज्य संघका कार्यकारिणी सदस्य हुन् ।

त्रिशूल फर्माका सञ्चालक उनी लायन्स क्लबका एमजिएफ, नेपाल जेसीजका सिनेटर लगायत सामाजिक संघसंस्थामासमेत आबद्ध छन् ।

अर्जुनधारामा रक्तदान

अर्जुनधारा, चैत४। नेपाल रेडक्रस सोसाईटी अर्जुनधारा उपशाखाको आयोजनामा शनिबार अर्जुनधारा -७ स्थित मिलडाँडामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

नेपाल रेडक्रस सोसाईटी झापा शाखाको प्राविधिक सहयोग, स्थानीय नव युवा क्लबको सहयोग र सम्योग समृद्धि बहुउद्देश्यीय सहकारी संस्था शनिश्चरे सेवा केन्द्रको संयोजनमा उक्त कार्यक्रम सम्पन्न भएको हो ।

उपशाखाका सभापति कृष्णप्रसाद भट्टराईको अध्यक्षतामा आयोजित कार्यक्रममा अर्जुनधारा प्रेस क्लबका अध्यक्ष रमेश समदर्शीले २२ औं पटक रक्तदान गर्दै कार्यक्रमको उद्घाटन गरेका थिए ।

जिल्लामा देखिएको रगत अभावलाई न्यूनीकरण गर्ने उद्देश्यले आयोजना गरिएको उक्त कार्यक्रममा २५ जनाले रक्तदान गरेका थिए ।

कार्यक्रममा अर्जुनधारा -४का वडाध्यक्ष अम्बरबहादुर कटुवाल वडा नं. -७ का वडाध्यक्ष गोविन्दप्रसाद खतिवडा, नव युवा क्लबका अध्यक्ष देवेन्द्र मैनालीलगायतको उपस्थिति रहेको उपशाखाका सचिव कमल पोखरेलले जानकारी दिए ।

सञ्चार उद्यमी न्यौपानेलाई पितृशोक

झापा, चैत ३ । सञ्चार उद्यमी ध्रुवप्रसाद न्यौपानेलाई पितृशोक परेको छ । हिमशिखर टेलिभिजनका न्यौपानेका पिता श्रीप्रसाद न्यौपाने (शारदा गिरी) को ८५ वर्षको उमेरमा निधन भएको हो ।

न्यौपानेका चार छोरा मध्ये तुलाराम न्यौपाने सहकारी अभियानकर्मी हुन् । उनी बचत तथा ऋण सहकारी संघ लि झापाका अध्यक्ष रहेका छन् । त्यस्तै होटल व्यवसायी संघ क्षेत्रीय समिति दमकका महासचिव तथा होटल महासंघ केन्द्रीय सदस्य भूपेन्द्र न्यौपाने र तुलसी न्यौपाने उनका अन्य दुई छोरा रहेका छन् । स्वर्गीय न्यौपानेको कनकाई माईमा अन्त्येष्टि गरिएको छ ।

स्थानीयले ...

यता जमिनको स्वामित्व नेपाल सरकारको हुने सामुदायिक वनलाई व्यवस्थापनको जिम्मा दिएको र स्थानीय सरकार समन्वयकारी भूमिकामा हुनुपर्ने माई सब डिभिजन वन कार्यालयका अधिकृत घिमिरेको तर्क छ ।

कार्यक्रममा सुखानी शहीद स्मृति प्रतिष्ठान नेपालका उपाध्यक्ष टंकप्रसाद भट्टराई, नेकपा एमाले अर्जुनधारा -३का प्रतिनिधि चापागाँई, जुकेखाडी सामुदायिक वन उपभोक्ता समूहका पर्यटन उपाध्यक्ष दुलाललगायतले आफ्नो धारणा राखेका थिए । समूहका पर्यटन उपाध्यक्ष विपिनकुमार चौहानले कार्यक्रमको औचित्य तथा उपाध्यक्ष जयबहादुर मगरले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन समूहका कार्यालय सचिव खगेन्द्र भट्टराईले गरेका थिए ।

डिएसपीको...

डीएसपी खटाएसँगै बोर्डर आउट पोस्टको नामकरण परिवर्तन गरी सीमा सुरक्षा गुल्म बनाएको छ ।

यसअघि सो बिओपीहरुमा सशस्त्र प्रहरी निरीक्षक (इन्स्पेक्टर) खटाइएका थिए । डीएसपी खटिएसँगै उनीहरूको क्षेत्राधिकारसमेत बढाएको जनाइएको छ ।

इलामको पशुपतिनगर सीमा सुरक्षा गुल्ममा डीएसपी अशोक न्यौपानेलाई खटाइएको छ । त्यस्तै झापाको १८ वटा बिओपीमध्ये चार स्थानमा डीएसपी खटाइएको छ । सीमा सुरक्षा गुल्म काँकरभिट्टा, भद्रपुर, घेरावारी र गौरीगञ्जमा डीएसपीको दरबन्दी कायम गरिएको छ । काँकरभिट्टामा निर्मलकुमार थापा, भद्रपुरमा राजकुमार कँडेल, घेरावारीमा सुमन शर्मा र गौरीगञ्जमा अस्मिनकुमार थापालाई खटाइएको छ । जिल्लाको काँकरभिट्टा र भद्रपुर मुख्य सीमा नाका हो ।

गाँजासहित...

१-०२-०४७ प ११५४ नम्बरको मोटरसाइकलमा सवार रहेका उनीहरुले बोकेको झोला चेकजाँच गर्ने क्रममा ९ सय ३० ग्राम गाँजा बरामद गरेको हो ।

लागू औषध गाँजा सहित पक्राउ परेका उनीहरुलाई सुनसरी जिल्ला अदालतबाट लागू औषध नियन्त्रण ऐन २०३३ बमोजिम म्याद थप गरी इलाका प्रहरी कार्यालय इटहरीबाट थप अनुसन्धान भइरहेको छ ।

शिक्षक संघमा चौलागाँईको दावी

झापा, चैत ४ । नेपाल शिक्षक संघको कोशी प्रदेश अध्यक्षमा झापाका तेजप्रसाद चौलागाँई उम्मेद्वार हुने भएका छन् ।

शिक्षक संघ झापाको शनिवार बसेको पहिलो बैठकले चौलागाँईलाई प्रदेश अध्यक्षको उम्मेदवार बनाउने निर्णय गरेको शिक्षक संघ झापाका नवनिर्वाचित अध्यक्ष तोयानाथ दाहालले जानकारी दिए ।

शिक्षक संघ झापाको नवनिर्वाचित समितिको पद हस्तान्तरण पछि बसेको पहिलो बैठकमा नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेबे, उपसभापति केशवराज पाण्डे, सचिव कृष्ण हुमागाँई लगायत शिक्षक नेताहरुको उपस्थिति रहेको थियो ।

बुद्धशान्ति गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
बुधवारे, झापा
कोशी प्रदेश ,नेपाल

नक्सा पासका लागि सँधियारको नाममा जारी गरिएको १५ दिने सूचना

यस गाउँपालिकाको वडा नं. ०३ बस्ने श्री सुनिता महतको नाममा दर्ता कायम रहेको साविक बुधबारे-०७ हाल बुद्धशान्ति गाउँपालिका वडा नं.- ०३ स्थित टोल मार्गमा पर्ने कि.नं.४४७०, ४४९३ ज.वि.०-०-१०, ०-०-५.५ मा तपशिलमा उल्लेख भए बमोजिमको घर अभिलेखीकरण (नक्सापास) गर्न स्वीकृतिका लागि पेश भएकोमा मिति २०७९/११/२५ मा नक्सा पासका लागि सँधियारको नाममा जारी गरिएको १५ दिने सूचना सम्बन्धित स्थानमा सूचना टाँस गर्न जाँदा तपशिलमा भएका सँधियारहरु नभेटिनु भएको हुँदा जारी मितिबाट १५ दिनपत्र साँध सँधियार, बाटो, नदीनाला र सार्वजनिक जग्गालाई असर पर्ने वा नपर्ने सो को उजुरी गर्नुहोला । अन्यथा नियम बमोजिम नक्सा पास भई जाने व्यहोरा अनुरोध छ ।

तपशिल

सि.नं	जग्गाको विवरण	घरको विवरण	घर जग्गा धनीका सधियारहरु
१	साविकः बुधबारे-०७ हालः बुद्धशान्ति-०३ कि.नं.: ४४७०, ४४९३ ज.वि.०-०-१०, ०-०-५.५	लम्बाइ : चौडाइ उचाइ क्षेत्रफल :	पूर्व : श्याम लिम्बू पश्चिम : कमल दाहाल उत्तर : १६ फुटे कच्ची बाटो दक्षिण :सुनिता महत

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
योजना तथा अनुगमन महाशाखा
भू-वातावरण तथा सामाजिक शाखा चाकुपाट ललितपुर
काभ्रेपलाञ्चोक जिल्लाको भकुन्डे मच्छे मुक्पाटार तित्रीटार माम्दीसडक
१४.० कि. मि. खण्ड स्तरोन्नतिको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी

सार्वजनिक सूचना

प्रमाणित मिति .....)

नेपाल सरकार सडक विभाग, योजना तथा अनुगमन महाशाखा,भू-वातावरण तथा सामाजिक शाखा चाकुपाट ललितपुरद्वारा बाग्मती प्रदेशको काभ्रेपलाञ्चोक जिल्लामा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

प्रस्तावको व्यहोरा	काभ्रेपलाञ्चोक जिल्लाकोभकुन्डे मच्छे मुक्पाटार तित्रीटार माम्दी सडक१४.०कि.मि.खण्डस्तरोन्नतिको प्रारम्भिक वातावरणीय परीक्षण
प्रस्तावकको नाम र ठेगाना	भू- वातावरण तथा सामाजिक शाखा, सडक विभाग, चाकुपाट, ललितपुर सम्पर्क टेलिफोन: ९७७-१-५००५५२०, ईमेल:gesuunit@dor.gov.np
सम्बन्धित मन्त्रालयको नाम र ठेगाना	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सिंहदरबार, काठमाडौँ सम्पर्क टेलिफोन: ९७७-१-४२११७३२ईमेल:info@mopit.gov.np
प्रभाव पर्न सक्ने जिल्ला न. पा./ गा. पा./वडा	काभ्रेपलाञ्चोक जिल्ला/नमोबुद्ध नगरपालिका/ वडा नं५ काभ्रेपलाञ्चोकजिल्ला /तेमालगाउँपालिका/ वडा नं ५, ७, ८
परामर्शदाताको नाम र ठेगाना	ब्रेडफ्रुट प्रा. ली.जावलाखेल, ललितपुर सम्पर्क फोन०१-५५५५०६२, ईमेल: dnrmal@outlook.com

वातावरण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ मा व्यवस्था भए बमोजिम माथिउल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षणको अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका/ गाउँपालिका तथा त्यस क्षेत्रका बिद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित रायसुझाव लिन आवश्यक भएकाले सोही नियमावलीको नियम (७) को उपनियम (२) बमोजिम यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन यसै सूचनाद्वारा अनुरोध गरिएको छ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगाना: भू-वातावरण तथा सामाजिक शाखा, सडक विभाग, चाकुपाट ललितपुर,
फोन नं. ०१-५००५५२० ईमेल: gesuunit@dor=gov=np

कर्मचारी आवश्यकता

यस पूर्वाञ्चल दैनिक पत्रिका वितरण गर्न केही कर्मचारी आवश्यकता भएकोले स्थानीय आफ्नै साइकल भएका पुरुष/महिलाले सम्पर्क गर्नुहोला ।
काम गर्नुपर्ने समय: विहान ५:३० बजेदेखि ७:३० बजेसम्म
काम गर्नुपर्ने क्षेत्र: अतिथि सदन (जगतवस्ती)
तलब: संस्थाको नियमानुसार
सम्पर्क: ९८०७९१०२२२, ९८०६०३३१५३

शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं ।

- खुल्ला स्थानमा दिसापिसाब नगरौं ।
- शौचालयमा मात्र दिसापिसाब गरौं ।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिचि हात धोऔं ।
- हत्केला पछाडि, औंलाको बीच, नङ लगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं ।
- सफा कपडा वा तौलियाले हात पुछौं ।

जीवाणु लगायतको संक्रमणबाट आफू पनि बचौं,
अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

बिर्तामोड नगरपालिका

नगरपालिकाको कार्यालय
बिर्तामोड, झापा
कोशी प्रदेश, नेपालको

सूचना ! सूचना !! सूचना !!!

बिर्तामोड नगरपालिकाको आर्थिक ऐन बमोजिम बुझाउनुपर्ने सम्पत्ति कर तथा भूमि कर (मालपोत) र व्यवसाय कर समयमा दाखिला नभई तिर्न बाँकी रहेको बक्यौता रकममा लाग्ने जरिवाना आर्थिक ऐन २०७९ (दोस्रो संशोधन) ऐन, २०७९ को दफा २ को व्यवस्था बमोजिम २०८० साल वैशाख मसान्तसम्म बुझाएमा शतप्रतिशत छुट हुने भएकाले उक्त समयभित्र कर तिरी छुट सुविधाको लाभ लिनहुन समेत सम्बन्धित सबै करदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विनोदकुमार न्यौपाने: प्रमुख प्रशासकीय अधिकृत

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

स्थिरताका लागि गठबन्धन

मुलुकले तेस्रो उपराष्ट्रपतिका रुपमा रामसहायप्रसाद यादवलाई पाएको छ । शुक्रबार सम्पन्न निर्वाचनमा प्रतिष्पर्धी एमाले नेतृ अष्टलक्ष्मी शाक्यलाई झण्डै दोब्बर मतान्तरले पछि पार्दै यादव उपराष्ट्रपतिमा निर्वाचित भए । पुष्पकमल दाहाल नेतृत्वको सरकारलाई काग्रेसले विश्वासको मत दिएपछि सत्ता गठबन्धनमा बढेको अविश्वासले नयाँ राजनीतिक समीकरण निर्माण हुँदा दोस्रो ठूलो दल एमाले सत्ताबाट मात्र बाहिरिएन राष्ट्रपति, उपराष्ट्रपतिको निर्वाचनमा समेत पराजीत हुन पुग्यो । संघीय समीकरण बदलिए जस्तै अब निकट भविष्यमै प्रदेश समीकरण पनि बदलिने चर्चा राजनीतिक वृत्तमा बढ्न थालेको छ । प्रधानमन्त्री दाहाललाई दिएको समर्थन राष्ट्रिय प्रजातन्त्र पार्टीले फिर्ता लिएर सरकारबाट बाहिरिए लगत्तै राष्ट्रपति उम्मेदवारमा माओवादी केन्द्रले काग्रेसलाई साथ दिने भएपछि एमालेले पनि सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो ।

यही विषयले सत्ता समीकरण टुट्न जाँदा प्रधानमन्त्री दाहालले यही चैत ६ गते फेरि विश्वासको मत लिनुपर्ने परिस्थिति बनियो । सरकार बनेको तीन महिना नपुग्दै फेरि विश्वासको मत लिनुपर्ने बाध्यताले त्यसअघि सरकार पुनर्गठन हुने अवस्था छैन । त्यही कारण प्रधानमन्त्री दाहालले आउँदो चैत १० गते सरकारले पूर्णता पाउने अभिव्यक्ति दिएका छन् । मंसीर १० गते सम्पन्न निर्वाचनपछि पुस ११ गते दाहाल नेतृत्वमा नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनमत पार्टी, राष्ट्रिय उन्मुक्ति पार्टी लगायतको समर्थनमा सरकार गठन भएको थियो । त्यही समीकरण राष्ट्रपतिको निर्वाचनसम्म आइपुग्दा खण्डित भई नयाँ समीकरण बनिँदा एमालेले प्रदेश सरकारबाट समेत बाहिरिनुपर्ने अवस्था सृजना भएको हो ।

नेपाली काग्रेसले विश्वासको मतपछि मात्र सरकारमा सहभागी हुने–नहुने विषयमा छलफल शुरु गर्ने जनाएको छ । यसअघि दाहाललाई विश्वासको मत नदिने नेपाल मजदुर किसान पार्टी र राष्ट्रिय जनमोर्चाले आफ्नो धारणा प्रष्ट गरेका छैनन् भने वर्तमान गठबन्धनले दाहाललाई विश्वासको मत दिने निश्चित जस्तै छ । यसै पनि कुनै एउटा दललाई पाँच वर्ष अविच्छिन्न सरकार सञ्चालन गर्ने जनादेश छैन । यस्तोमा गठबन्धनको विकल्प रहँदैन । त्यसैले सबैभन्दा ठूलो दल नेपाली काग्रेसले गठबन्धनलाई जोगाउँदै राजनीतिक स्थिरता कायम गर्न पहल गर्नु पर्दछ । देशको वर्तमान आवश्यकता पनि यही हो कि जसरी पनि गठबन्धनलाई टुट्न नदिई स्थिर र सुशासनको प्रत्याभूति गरियोस् ।

उपभोक्ता सचेत छन्, तर सक्रिय छैनन्

विष्णु गिरी 'निश्चल'

आम उपभोक्ताले थेग्न नसक्ने गरी अति आवश्यकीय वस्तुको मूल्यवृद्धि हुँदा पनि सरोकारवाला निकाय मौन छ। उपभोक्तावादी संघ-संस्थाले आवाज उठाए पनि अन्य क्षेत्र भने मौन नै छ। प्रत्येक वस्तु र सेवा किन्दा उपभोक्ताले कस्तोखाले अधिकार पाउँछन् भनी परिभाषित गरेको विषयलाई उपभोक्ता अधिकार भनिन्छ। उपभोक्ताको छनौटको अधिकार, उपभोक्ताको सुनुवाइको अधिकार, उपभोक्ताको सूचानसँग सम्बन्धित अधिकार, स्वच्छ सुनुवाइको अधिकार, क्षतिपूर्तिको अधिकार, शिक्षाको अधिकार, स्वच्छ वातावरणको अधिकार र आधारभूत वस्तु तथा सेवामा पहुँचको अधिकार उपभोक्ता अधिकार हुन्।

मुलुकमा उपभोक्ता सचेत छन्, तर सक्रिय छैनन्। सबैभन्दा पहिला उजुरी गर्नुपर्छ। सक्रिय उपभोक्ताले मात्रै उजुरी गर्छन्। एक-दुई पटक उजुरीको सुनुवाइका लागि धाउन थालेपछि वस्तु वा सेवा प्रवाह गर्ने पनि सचेत हुन्छन्। सबैभन्दा ठूलो कुरा त उपभोक्ता र उपभोगका लागि क्रियाशील व्यापारी वा सेवा प्रदायकको सचेतना नै हो। उपभोक्ता अधिकारको विषय उत्पादकले आफ्ना ग्राहकलाई हानी हुन दिनुहुँदैन भन्ने कानूनी मान्यताबाट प्रारम्भ भएको हो। उपभोक्ता आफूले किनेका सामान सुरक्षित छन् भन्ने मान्यता राख्छन्। यसमा वस्तुको तौल, गुणस्तर, गलत प्रचार-प्रसार तथा विज्ञापन, बनोटको संरचना के-के, कति-कति परिमाणमा परेको छ भन्ने जानकारी गराउनु पनि हो। बजारमा हुने ठगी, उपभोक्तालाई झुक्याउने, गुमराहमा पार्ने जस्ता गलत क्रियाकलापबाट वस्तु वा सेवा खरिद गर्ने जनसाधारणको सुरक्षा गर्ने कार्य उपभोक्ता संरक्षण हो।

नेपालको संविधानको धारा ४४ मा उपभोक्ताको अधिकारलाई मौलिक अधिकारको रुपमा स्वीकार गरिएको छ। यसमा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक र गुणस्तरीय वस्तु तथा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने व्यवस्था समेत रहेको छ। खाद्य ऐन, २०६३ उपभोक्ताको स्वास्थ्य सुरक्षा कायम राख्ने प्रयोजनार्थ प्रबन्ध गरिएको हो। यस ऐनमा खाद्य, अखाद्य र न्यूनस्तरको खाद्य पदार्थहरु के-के हुन् ? तिनीहरुका बीचमा के-कस्ता भिन्नता हुन्छन् भन्ने विषय परिभाषित गरिएको पाइन्छ। प्रस्तुत ऐनले खाद्यपदार्थको स्वाभाविक गुण वा उपयोगिता घटाउन, झिक्न नपाइने, खाद्यपदार्थमा हुने अवाञ्छनीय मिसावट रोक्ने, खाद्यपदार्थको उचित गुणस्तर बनाई राख्न समेत जोड दिएको छ।

त्यसैगरी मानव स्वास्थ्यलाई हानी हुनेगरी सडे गलेको, फोहरमैला, विषाक्त अवस्थामा राखी तयार पारिएको, रोगी पशुपंक्षी वा वनस्पतिबाट बनेको, तोकिएको भन्दा घटीबढी रसायन, किटनाशक औषधिको प्रयोग भई मानव जातिले खान नहुने अयोग्य खाद्यपदार्थलाई दूषित खाद्यपदार्थको श्रेणीमा राखिएको छ। खाद्य ऐन बमोजिम कसुर ठहरिने विषय र सजाय सम्बन्धी व्यवस्था देहाय बमोजिम छन्। न्यून स्तरको खाद्यपदार्थ उत्पादन, बिक्री-वितरण गरेको ठहरिने कसुर गर्ने व्यक्तिलाई रु. ५,०००। जरिवाना वा एक वर्षसम्म कैद वा दुबै सजाय। दूषित खाद्यपदार्थ उत्पादन, बिक्री-वितरण गर्ने (जुन पदार्थ खानाले कसैको मृत्यु भएमा, मृत्यु हुने सम्भावना वा अपूरणीय क्षति भएमा) व्यक्तिलाई २५,०००। सम्म जरिवाना, तीन वर्षसम्म कैद हुने र सो दूषित खाद्यपदार्थबाट प्रभावित व्यक्तिलाई १,००,०००। सम्म क्षतिपूर्ति दिनुपर्ने व्यवस्था गरिएको छ।

त्यस्तै उपभोक्ता संरक्षण ऐन, २०५४ यो ऐन उपभोक्ताको संरक्षणको दिशामा महत्वपूर्ण मानिएको छ। ऐनमा उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्ने, उपभोक्ताको हकहित र अधिकारको संरक्षणका लागि वस्तु तथा सेवाको गुणस्तर, परिमाण र मूल्यको अनियमितता रोक्ने, वस्तु वा सेवाको गुणस्तर कायम गराउने, एकाधिकार, अनुचित व्यापारिक क्रियाकलाप र मूल्यवृद्धि तथा झुटा भ्रमात्मक प्रचारप्रसार हुन नदिने, सुरक्षित र गुणस्तरीय वस्तु वा सेवाको प्रबन्ध गर्ने उद्देश्यहरु रहेका छन्।

उपभोक्ता संरक्षण ऐन अनुसार कसुर ठहरिने र त्यसमा हुने सजाय कसुर- कमसल वस्तुको उत्पादन, बिक्री-वितरण र मिलेमतो वा कार्टेलिङ गरी माल वस्तु वा मूल्यमा प्रतिकूल प्रभाव पार्ने काम सजाय- तीन वर्षसम्म कैद वा पचास हजारसम्म जरिवाना वा दुवै सजाय, कसुर- ढाँटी, झुक्याई, भ्रमात्मक प्रचारप्रसार गरी अनुचित व्यापारिक क्रियाकलाप गर्ने काममा, सजाय- पाँच वर्ष कैद वा एक लाखसम्म जरिवाना वा दुवै सजाय, कसुर- उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असरपार्ने किसिमको वस्तु वा सेवाको उत्पादन वा बिक्रीवितरण गरेकोमा, सजाय- अधिकतम् १४ वर्षसम्म कैद वा पाँच लाखसम्म जरिवाना वा दुबै सजाय हुने व्यवस्था छ।

कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ यो ऐनले सर्वसाधारण जनताको स्वास्थ्य सुविधा र आर्थिक हित कायम राख्ने र निम्न अनुसारका कसुरजन्य काम नियन्त्रण गर्ने उद्देश्य राखेको छ। नेपाल सरकारले निर्धारण गरी दिएको मोलभन्दा बढी मोल लिई माल वस्तुको बिक्री गर्ने र माल वस्तुको उत्पादन, आयातक वा मुख्य वितरकले निर्धारित गरेको मोलभन्दा बढी मोल लिई माल वस्तु बिक्री गर्ने

कार्यलाई कालोबजार मानिएको छ। कालो बजारको कसुरमा एक वर्षसम्म कैद वा दुई लाख ५० हजारसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था रहेको छ। कुनै माल वस्तुको व्यापार गर्ने व्यक्तिले व्यापारको प्रचलन अनुसार सयकडा २० भन्दा बढी मुनाफा लिएको अवस्थामा वा अभावको लाभ उठाई सो माल वस्तुको अनुचित लाभ लिई बिक्री गरेमा नाफाखोरीको कसुर मानिने प्रबन्ध गरिएको छ।

कुनै एक स्थानमा बिक्री-वितरण गर्न तोकी दिएको कोटाको लागि आयात गरिएको वा उपलब्ध भएको माल वस्तु अन्यत्र लगेमा, बिक्री गरेमा माल वस्तुको विचलन गरेको मानिन्छ। नाफाखोरीको कसुर र माल वस्तुको विचलन सम्बन्धी दुबै प्रकारको कसुरमा एक वर्षसम्म कैद वा दुई लाख ५० हजारसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ। जम्माखोरी वा कृत्रिम अभाव- बजारमा कुनै मालको कृत्रिम अभाव हुनेगरी सो मालको मूल्यवृद्धि गराएर त्यसबाट अनुचित नाफा लिई बजारमा बिक्री गर्ने नियतले त्यस्तो माल वस्तुको संग्रह गरी बिक्री नगरेमा जम्माखोरी गरेको मानिन्छ। कृत्रिम अभाव सम्बन्धी कसुर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा १० लाखसम्म जरिवाना वा दुबै सजाय हुने व्यवस्था छ।

स्वच्छ बजार निर्माणमा सरोकारवाला निकाय तथा स्वयम उपभोक्ताहरु सचेत हुन् आवश्यक छ। जुन नेपालमा भएको पाइँदैन। बिषयवस्तुको उठान गर्ने तर त्यसलाई बीचैमा छाडने प्रवृत्ति छ। बजारमा हुने अनुचित व्यापारिक क्रियाकलापको पहिचान निगरानीका साथसाथै कारवाही, वस्तु तथा सेवाको सहज आपूर्तिमा सहजीकरण तथा हस्तक्षेप, नियमित तथा उजुरीको आधारमा बजार अनुगमनको अतिरिक्त बजारमा हुन सक्ने अनुचित व्यवसायजन्य क्रियाकलाप जस्ता गतिविधिको आशङ्कामा हुने बजार अनुगमन, कारवाही सञ्चार तथा उपभोक्ता एवम् व्यवसायिक सचेतना कार्यहरु पर्दछन्। हालको बजार अनुगमन कुनै क्षेत्रमा दोहोरो तथा कुनैमा एक पटक नहुने तथा कहिलेकाहीँ समन्वयको समेत समस्या झेल्नु परेको सन्दर्भमा केही समय अगाडि स्वीकृत बजार अनुगमन निर्देशिका २०७९ समेतका आधारमा अबका दिनमा सरकार अन्तर्गतका निकायहरुले बजार अनुगमन गर्न पर्दछ।

वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले फर्म वा कम्पनी वा व्यवसायिक प्रतिष्ठान वा संस्थाको दर्ता, नवीकरण लगायतका नियमन सम्बन्धी, आपूर्ति व्यवस्थापन, मिसावट, मूल्यसूची, लेबल, कृत्रिम मूल्यवृद्धि, एकाधिकार (सिण्डिकेट), मिलोमतोपूर्ण भाउ निर्धारण तथा बजार प्रवेशमा अवरोध गर्ने किसिमका गैर प्रतिस्पर्धा क्रियाकलाप तथा अनुचित व्यापारिक क्रियाकलाप, पेट्रोलियम पदार्थ, एल.पी. ग्याँस, पार्टी प्यालेस तथा विज्ञापन र उपभोक्ताको हकहित संरक्षणसँग जोडिएका अन्य कुनै पनि निकायलाई नतोकिएका विषयहरूको सम्बन्धमा गरिने अनुगमनको साथसाथै समग्र बजार अनुगमनको गर्नुपर्छ। यति मात्र होइन खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले खाद्यपदार्थको गुणस्तरसँग सम्बन्धित उत्पादन प्रक्रिया, भण्डारण, मिसावट, कच्चापदार्थहरू विषय सो सम्बन्धी विज्ञापनको बजार अनुगमन गर्ने भूमिका रहनु पर्दछ। अन्य निकायबाट प्राप्त खाद्यपदार्थसँग सम्बन्धित नमूना सङ्कलन गरी छिटोभन्दा छिटो परीक्षण कार्य गरी नतिजा सम्बन्धित निकायमा पठाउनु पर्दछ।

नेपाल गुणस्तर तथा नापतौल विभागले विभिन्न किसिमका गैरखाद्य वस्तुहरू (निर्माण सामग्री, एल.पी ग्याँस, पेट्रोलियम पदार्थ, पेट्रोलियम डिस्पेन्सिङ्ग पम्प, ट्याक्सी मिटर आदि)मा हुने मिसावट तथा गुणस्तर, नाप, तौल सम्बन्धी विषयमा बजार अनुगमन गर्ने भूमिका रहनु पर्दछ। उद्योग विभागले उद्योगबाट उत्पादन गरिने वस्तुको उत्पादनको प्रक्रिया तथा गुणस्तर, सरसफाई तथा भण्डारको स्थिति, प्याकेजिङ्ग, औद्योगिक वातावरण आदि जस्ता विषयमा बजार अनुगमन गर्ने भुमिका रहनु पर्दछ।

कृषि विभाग- अन्न, फलफूल तथा तरकारी उत्पादन, प्रशोधन तथा भण्डारण, विषादी परीक्षण, रासायनिक मल, दूध तथा दूग्धजन्य पदार्थहरुको गुणस्तर तथा बजार व्यवस्था आदि जस्ता विषयमा बजार अनुगमन गर्ने भूमिका रहनु पर्दछ।

पशुसेवा विभाग- माछा, पशुपंक्षीबाट उत्पादन हुने मासु, मासुजन्य पदार्थमा प्रयोग गरिएका कृत्रिम हर्मोन तथा एन्टीवायोटीक्स जस्ता पदार्थको प्रयोग, पशुपंक्षी बधशालाको सरसफाई, बिक्रीस्थलमा मासुजन्य पदार्थको गुणस्तर, मूल्य तथा प्याकेजिङ्ग व्यवस्था र पशुपंक्षी हाटबजारको अवस्था जस्ता विषयमा बजार अनुगमन गर्ने भूमिका रहनु पर्दछ।

स्वास्थ्य सेवा विभाग- स्वास्थ्य सेवा प्रदान गर्ने हस्पिटल, पोलिक्लिनिक तथा क्लिनिक, मेडिसिन पसलहरुमा राखिएको औषधी तथा तहाँबाट प्रदान गरिने सेवाको सम्बन्धमा गरिने बजार अनुगमनको भूमिका विभागको कार्य क्षेत्रमा रहनु पर्दछ।

यातायात व्यवस्था विभाग- सार्वजनिक सवारीसाधनको सेवा, सुविधा, गुणस्तर, भाडादर, सवारी साधन प्रदुषण मापन लगायतका विषयहरु विभागको कार्यक्षेत्रमा रहनु पर्दछ।

वातावरण विभाग- वातावरणसँग सम्बन्धित विषयहरु वातावरण प्रदुषण, मापडण्ड, प्लाष्टिकजन्य फोहर , सवारीसाधनबाट निस्कने प्रदुषण तथा हावामा प्रदुषणको मात्रा मापन जस्ता वातावरणसँग सम्बन्धित विषयहरु बजार अनुगमन गर्ने भूमिका रहनु पर्दछ।

जिल्ला प्रशासन कार्यालय- कालो बजारी लगायत प्रचलित कानूनद्वारा प्रमुख जिल्ला अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी र निरीक्षण अधिकृतले गर्ने भनी कानूनद्वारा नै निर्दिष्ट गरेका विषयहरु र अन्यत्र समावेश नभएका विषयमा बजार अनुगमन गर्ने भूमिका रहनु पर्दछ। यो भन्दा पनि महत्वपूर्ण स्थानीय बजार अनुगमन समितिले उपभोक्ता सरक्षण ऐन बमोजिम स्थानीय तहले निर्देशिका, मापडण्ड बनाएर तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम संघीय तथा प्रदेश कार्यलयहरुको समन्वयमा बजार अनुगमन गर्ने भूमिका रहेको छ। अनि स्वस्थ बजार कायम गर्ने सिलसिलामा उपभोक्तावादी संघ-संस्थाको भूमिका महत्वपूर्ण रहने गर्दछ। उपभोक्ता अधिकारको सम्बन्धमा निरन्तर पैरवी गर्ने, नियामक निकायमा उजुरी गर्ने, सचेतना कार्यक्रम सञ्चालन गर्ने, सरकारी निकायको उपस्थितिमा बजार अनुगमन गर्ने भूमिका रहनु पर्दछ।

यति मात्र नभएर आम उपभोक्ताले वस्तु तथा सेवा उपभोग गर्दा गुणस्तरको ख्याल गर्ने। वस्तुमा लेबल लगाएको नलगाएको सम्बन्धमा एकीन गर्ने उपभोगमा विवेकशिलता अपनाउने। बिल बिजक लिने, वस्तु तथा सेवाको उत्पादन, सञ्चय ढुवानी बिक्री-वितरणमा अनुचित क्रियाकलाप भएको आशङ्का भएमा नियमनकारी निकायलाई गुनासो तथा जानकारी गराई स्वच्छ बजार कायम गर्नको लागि सहयोग पुऱ्याउने सक्छन्। जुन उपभोक्ताले गर्नुपर्छ। नेपालमा अधिकांश बजार अनुगमन उजुरीको आधारमा हुने गरेको छ। नेपाल सरकारले हालसम्म कुन-कुन वस्तु वा सेवाको मूल्य निर्धारण सम्बन्धी मापडण्ड कुन-कुन निकायले तयार गर्ने भन्ने एकिन हुन नसक्दा अधिकतम् मूल्य आधिकारीक तथा सही हो वा होइन भन्ने समस्या नै छ यसको कारण लाखौं उपभोक्ता ठगीको शिकार हुनु परेको छ।

समग्रमा भन्नुपर्दा उपभोक्ताको अधिकार हनन् हुनुमा नेपाल सरकार नै बढी जिम्मेवार छ। नेपाल सरकारले नै आफ्ना नागरिकलाई उसले पाउनुपर्ने मौलिक अधिकार दिन सकेको छैन। जबसम्म राज्य जिम्मेवार बन्न सक्दैन तबसम्म उपभोक्ताले आफ्ना अधिकार पाउन सक्दैनन्। राज्यले भएका नियम कानूनलाई समयसापेक्ष रूपमा संशोधन गर्ने र कार्यान्वयन गर्ने गर्नु पर्दछ। नीतिगत तहमा भएका कमी-कमजोरी तथा समस्याहरूको समाधानको निमित्त अल्पकालीन दीर्घकालीन योजना बनाएर अघि जानु पर्दछ। अन्तमा उपभोक्ता, सरकार, व्यवसायी उद्योगी सबै जना आ-आफ्नो क्षेत्रमा जिम्मेवार बनौं सरकार नीतिगत रूपमा जिम्मेवार हुनुपर्दछ। उद्योगी व्यवसायीले पनि मैले उत्पादन गरेको सामान वा वस्तुको मात्र म उद्योगी वा व्यवसायी हुँ अन्य सामानको त म नि उपभोक्ता नै हुँ। मैले राम्रो र गुणस्तर सामान उत्पादन गर्नुपर्छ भन्ने सोच्नु पर्दछ। उपभोक्ता पनि आफै सचेत हुनु पर्दछ। सबै जना आ-आफ्नो क्षेत्रबाट जिम्मेवार भयौं भने मात्र उपभोक्ताको अधिकार सुनिश्चित हुन सक्दछ।

(गिरी अधिवक्ता हुन्)

प्रेस क्लव भद्रपुरले भवन निर्माण गर्ने

भद्रपुर, चैत ४। प्रेस क्लव भद्रपुरले भवन निर्माण गर्ने भएको छ।

क्लवका अध्यक्ष राजबाबु शंकरको सभापतित्वमा भएको पदाधिकारी एवम् सदस्यहरू समेतको बैठकले भद्रपुर- ८ स्थित पत्रकार महासंघ झापा शाखाको भवनको माथिल्लो तला निर्माण गर्ने भएको हो।

एक तले भवनमा माथिल्लो तला निर्माण गरेर प्रेस क्लवको प्रयोजनमा सञ्चालन गर्नका निम्ति गत कात्तिक २५ गते सम्पन्न नेपाल पत्रकार महासंघको झापा जिल्ला शाखाको साधारणसभाबाट अनुमोदन भए अनुरुप फागुन २९ गते शाखाले प्रेस क्लव भद्रपुरलाई औपचारिक अख्तियारी दिएपछि भएको क्लवको बैठकले आरसीसी संरचनाको एक तला निर्माण गर्न अध्यक्ष शंकरको संयोजकत्वमा उपाध्यक्ष रोहित काफ्ले, सहसंयोजक तथा कोषाध्यक्ष इशा प्रधान, दीपक अधिकारी, ईश्वर अधिकारी, उत्तम नेपाल र पार्थ मण्डल सदस्य रहेको भवन निर्माण समिति गठन गरेको छ।

साथै, बैठकले गोविन्दचन्द्र छेत्रीको संयोजकत्वमा नकुल काजी, गोपाल गिरी, माधव विद्रोही, चिन्तामणि दाहाल, तारामणि सापकोटा, चूडामणि वशिष्ठ, कृष्ण दाहाल र पत्रकार महासंघ झापा शाखाका सहसचिव राजु पाठक सदस्य रहेको नौ सदस्यीय सहयोग तथा अनुगमन समिति समेत गठन गर्ने निर्णय गरेको छ।

भवन निर्माणका लागि क्लवमा आबद्ध सम्पूर्ण सदस्यबाट प्रति सदस्य न्यूनतम पाँच हजार रुपैयाँ संकलन गरेर आर्थिक स्रोत जुटाउन शुरुवात गर्ने निर्णय गर्दै सो बैठकले आवश्यक थप स्रोत व्यवस्थापनका लागि विभिन्न निकाय, संघ-संस्था र उद्योगी-व्यवसायीहरूलाई आह्वान गर्ने पनि निर्णय गरेको प्रेस क्लव भद्रपुरले जनाएको छ।

अर्जुनधारामा न्यायाधीशसँग अन्तरक्रिया

अर्जुनधारा, चैत ४। न्यायिक क्षेत्र सम्बन्धी अधिकारहरुको विषयमा छलफल गर्ने उद्देश्यले झापाको अर्जुनधारा नगरपालिकामा न्यायाधीशसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

नगरपालिकाकी उपप्रमुख एवम् न्यायिक समितिकी संयोजक खड्गमाया पराजुलीको अध्यक्षतामा आयोजित उक्त कार्यक्रमको प्रमुख अतिथि झापा जिल्ला अदालतका न्यायाधीश चन्द्रमणि ज्ञवालीले उद्घाटन गरेका थिए। जनप्रतिनिधि, कर्मचारी र मेलमिलापकर्ताहरुलाई लक्षित गरी सञ्चालन गरिएको कार्यक्रममा प्रमुख अतिथि ज्ञवाली र अदालतका शाखा अधिकृत नवराज पोखरेलले सहजीकरण गरेका थिए।

कार्यक्रममा ५० जनाको सहभागिता रहेको समितिकी कर्मचारी मायाकुमारी ऐरेले जानकारी दिइन्। नगर योजना शाखा प्रमुख हिमराज सेढाईले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन कर्मचारी ऐरले गरेकी थिइन्।

लागूऔषधसहित १५१ जना पक्राउ

बिर्तामोड, चैत ४। चालू आर्थिक वर्षको माघ मसान्तसम्ममा झापामा एक सय ५१ जना लागूऔषध प्रयोगकर्ता पक्राउ परेका छन् ।

पक्राउपर्नेमा १० जना भारतीय नागरिक रहेको जिल्ला पहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक खगेन्द्रप्रसाद रिजालले बताए । भारतको पश्चिमबंगाल र बिहार राज्यसंग खुल्ला सिमाना भएका कारण सहजै लागू औषध भित्र्याउने गरेको बताइएको छ ।

प्रहरीको तथ्यांक अनुसार पछिल्लो सात महिनामा १४ जना महिलासहित एक सय ५१ जना लागऔषध प्रयोगकर्ता पक्राउ परेका हुन् । उनीहरुले ब्राउनसुगरसहित लुपिजेसिक, डाइजापाम, फेनारगन, नाइट्रोसन, नाइट्रोभेट, गाजा लगायतका नेपालमा प्रतिवन्धि सामग्रीको कारोवार गर्ने गरेको बताइएको छ ।

लागूऔषधमा पक्राउपर्ने मध्ये अधिकांश शहरी क्षेत्रका युवा बढी छन् । उनीहरुलाई प्रहरीले बिर्तामोडसहित, दमक, अर्जुनधारा, काँकरभिट्टा, धुलावारी, भद्रपुर लगायतका क्षेत्रबाट पक्राउ गरेको प्रहरी नायव उपरीक्षक रिजालले बताए ।

शेर्पाद्वारा कैदले खानेपानीलाई सहयोग

अर्जुनधारा, चैत ४। अर्जुनधारा-३ स्थित कैदले खानेपानी तथा सरसफाई उपभोक्ता समितिका विपन्न उपभोक्ताहरुलाई खानेपानीमा पहुँच पुऱ्याउने उद्देश्यले आर्थिक सहयोग प्राप्त भएको छ ।

'इच वान हेल्प वान' अभियानका अध्यक्ष भारतको सिक्किम निवासी लाटेन शेर्पाले एक कार्यक्रमका बीच एक लाख ६० हजार रुपैयाँ बराबरको चेक समितिका अध्यक्ष ढुण्डीराज गौतमलाई हस्तान्तरण गरेका थिए ।

नगर प्रमुख बलदेवसिंह गोम्देन तामाङको विशेष पहलमा प्राप्त भएको उक्त सहयोग रकम आफूले नेपालमा गरेको पहिलो सामाजिक कार्य भएको कार्यक्रमको प्रमुख अतिथि समेत रहेको दाता शेर्पाले बताए । कोभिड-१९ महामारीको बेला शुरु भएको उक्त अभियान अन्तर्गत सिक्किमसँगै छिमेकी देश भुटानमा पनि आफूले विभिन्न सामाजिक कार्यहरु गरेको दाता शेर्पाले दावी गरे ।

खानेपानीको क्षेत्रबाट शुरु भएको उनको सामाजिक कार्य मानवीय सेवाको अन्य क्षेत्रमा पनि सहयोग गर्न आफू इच्छुक रहेको उनले बताए । अर्जुनधारा-३ स्थित कैदले पर्यापर्यटनको केन्द्रको सभाहलमा वडाध्यक्ष सीताराम भट्टराईको अध्यक्षतामा आयोजित कार्यक्रममा दाता शेर्पालाई वडा कार्यालयका तर्फबाट सम्मानपत्र र मायाको चिनोसहित सम्मानित गरिएको थियो ।

कार्यक्रमका विशेष अतिथि नगर प्रमुख तामाङ र समितिका अध्यक्ष गौतमले दाता शेर्पालाई संयुक्तरुपमा सम्मानपत्र हस्तान्तरण गरेका थिए । त्यसैगरी खानेपानीको क्षेत्रमा योगदान पुऱ्याएको भन्दै समितिलाई पनि वडा कार्यालयका तर्फबाट प्रशंसापत्रसहित सम्मान गरिएको थियो । त्यसैगरी समितिलाई खानेपानी कार्यक्रम अन्तर्गत वडाबाट तीन लाख रुपैयाँ, स्थानीय जुकेखाडी सामुदायिक वन उपभोक्ता समूहबाट ५० हजार रुपैयाँ बजेट विनियोजन भएको वडाध्यक्ष भट्टराईले जानकारी दिए ।

सामाजिक व्यक्तित्व छिरीङ शेर्पा, बेलटार खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष योगेन्द्र आचार्य, अर्जुनधारा प्रेस क्लवका अध्यक्ष रमेश समदर्शी लगायतको आतिथ्य रहेको कार्यक्रममा नगर प्रमुख तामाङ, जुकेखाडी सामुदायिक वन उपभोक्ता समूहका पर्यटन उपाध्यक्ष दिपक दुलाल, समितिका अध्यक्ष गौतम लगायतले मन्तव्य राखेका थिए । उक्त कार्यक्रमको सञ्चालन वडा सदस्य चन्द्रमाया तामाङले गरेकी थिइन् ।

बेस प्रमुख गौतमको विदाइ

अर्जुनधारा-इस्थित सशस्त्र प्रहरी बल खुदुनाबारी बेसका निवर्तमान प्रमुख प्रहरी नायव निरीक्षक नारायण गौतमलाई सोही कार्यक्रममा विदाई गरिएको छ । बेस प्रमुखको भूमिकामा उनले पुऱ्याएको योगदानको मूल्याङ्कन गर्दै वडा कार्यालय र स्थानीय युथ अफ खुदुनाबारीले उनलाई प्रशंसापत्र प्रदान गरेका थिए ।

भद्रपुरमा बिना दर्ताको गोदाममा प्रहरीको छापा

भद्रपुर, चैत ४। भद्रपुरमा दर्ता नभएको गोदाममा राखिएको लत्ताकपडा प्रहरीले बरामद गरेको छ ।

भद्रपुर- ८ स्थित गणेश मन्दिर नजिकै मोहम्मद अफरोजको घरको एउटा कोठामा राखिएको आठ पोका कपडा प्रहरीले बरामद गरेको जिल्ला प्रहरी कार्यालय झापाका डीएसपी खगेन्द्रप्रसाद रिजालले जानकारी दिए ।

स्थानीय दीपेश कामतीले आवश्यक कानूनी प्रक्रिया अर्थात् आन्तरिक राजश्व कार्यालय वा भद्रपुर नगरपालिकामा गोदाम दर्ता नगरी अफरोजको सटर भाडा लिएर लत्ताकपडाको कारोबार गर्दै आइरहेको विशेष सूचनाको आधारमा वडा प्रहरी कार्यालय भद्रपुर र जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको संयुक्त प्रहरी टोलीले शक्रुबार बेलुका साढे ७ बजे छापा मारेको थियो ।

प्रहरीले गोदाममा छापा मारेर पाँच पोका कपडा र तीन पोका झुल बरामद गरेको डीएसपी रिजालले बताए । प्रहरीले छापा मार्दा सम्बन्धी सामान धनी कामतीले गोदाममा फेला परेको समानको आधिकारिक कुनै कागजात देखाउन नसकेपछि सो सामान अवैध भन्दै जिल्ला लगिएको थियो ।

पछिल्लो समयमा भद्रपुर-५ स्थित दोभान, गणेश मन्दिर पूर्व र काली टी स्टेटको नाकाबाट अवैधरुपमा लत्ताकपडा भन्सार छलेर नेपाल भित्रिरहेको प्रहरीलाई सूचना प्राप्त भएको थियो । सोही नाकाबाट सो सामान ल्याएर गोदाममा राखेको हुन सक्ने प्रहरीको अनुमान छ ।

त्यस्तै इलाका प्रहरी कार्यालय काँकरभिट्टा र इलाका प्रहरी कार्यालय नकालबन्दाबाट खटिएको संयुक्त प्रहरीको टोलीले गोप्य सूचनाको आधारमा मेचीनगर नगरपालिका- ५ राजवंशी टोल बस्ने काली चरणको घरबाट विभिन्न किसिमको कस्मेटिक सामान बरामद गरेको छ ।

सो सामान नेपालबाट अवैधरुपमा भन्सार छलेर भारततर्फ लैजान त्यहाँ राखिएको थियो । बरामद गरिएको आठ पोका कपडा र कस्मेटिक सामानको आठ लाख ५० हजार मूल्याङ्कन तोकेर भन्सार बुझाउने तयारी भइरहेको प्रहरीले जनाएको छ ।

बीनाको सांगीतिक यात्रा

बुवा मनप्रसाद भट्टराई र आमा अम्बिकादेवी गौतमको कोखबाट कान्छी सन्तानको रुपमा ताप्लेजुडमा जन्म भई झापा दमक-९ सानो बाह्रघरे स्थायी निवासी गायिक बीना भट्टराई विगत १२ वर्षदेखि काठमाडौंलाई कर्मथलो बनाइ नेपाली गीत-संगीतमा अनवरत रुपमा लागीरहेकी छिन् ।

उनले झापा सानो बाह्रघरेस्थित पाणीनी माध्यमिक विद्यालयबाट एसएलसी उत्तीर्ण गरिन् । सानैदेखि संगीत क्षेत्रमा लगाव भएकी बिनाले काठमाडौं गएपछि संगीत यात्रालाई थप गति दिइन् । संगीत क्षेत्रमा लाग्न उनकी आमाले हौसला प्रदान गरेको बीना बताउँछिन् । बीनाले आफ्नो भविष्यको कुनै सपना बनाउन नपाउँदै तिमी गायिका नै बन्नुपर्छ, अनि मेरो सपना पूरा गर्नुपर्छ भनेर आमाले भनेको अहिले पनि सम्झिन्छिन् ।

बीनालाई त्यो बाटो अनि आमाको सपना आफैमा प्रिय लाग्ने र आमाकै सपना पूरा गर्न आफ्नो गन्तव्यतिर लागीन् । सानैदेखि विभिन्न सांगीतिक कार्यक्रममा सहभागी हुने बीना सधैं प्रथम नै हुन्थिन् । काठमाडौं पुगेर गुरु चण्डीप्रसाद काफ्लेसँग श्री संगीत पाठशालामा संगीत सिक्न थालिन् । गायिका बीना भट्टराईले अहिलेसम्म सयौं गीतहरुमा आवाज दिइसकेकी छन् ।

भट्टराईको पहिलो गीत झुक्याएर पासो थापी... रहेको थियो । उनका अन्य गीतहरु बुढेशकालको लौरी, सुन्तलाको फूल, साइँला, छक्के परे, जाम्ला भागेर, चुलबुले कान्छी लगायतका गीतहरुले चर्चा पाएका छन् । उनले छायावती तीज म्युजिक अवार्ड, सगरमाथा म्युजिक अवार्ड, राष्ट्रिय रापती म्युजिक अवार्ड २०७५ अनि राष्ट्रिय राजती म्युजिक अवगार्ड २०७९ लगायतका अवार्डहरु प्राप्त गरिन् ।

भट्टराई शब्द लेखनमा पनि उत्तिकै सक्रिय छिन् । उनले लेखेका गीतहरु मध्ये साडी मलमल बोलको गीत चर्चामा छ । गायन क्षेत्रमै लागीरहेकी बिना हाल त्रिभुवन विश्व विद्यालय ललितकला क्याम्पसमा संगीत विषयमा नै स्नातक तहमा अध्ययरत् छिन् ।

प्रस्तुति : विष्णु श्रेष्ठ (कुल)

कर सम्बन्धी अभिमुखीकरण

बिर्तामोड, चैत ४। निजी तथा आवासीय विद्यालय अर्गानाइजेशन नेपाल प्याब्सन झापाको आयोजनामा कर सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

प्याब्सन झापाको आयोजनामा भएको कार्यक्रममा आन्तरिक राजश्व कार्यालय भद्रपुरले सहजीकरण गरेको थियो । प्याब्सन झापाका अध्यक्ष गौरीमान फागोको अध्यक्षतामा भएको कार्यक्रममा आन्तरिक राजश्व कार्यालय भद्रपुरका प्रमुख शुभप्रसाद रिजालको प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रममा कर अधिकृतद्वय सुरेश महतो र भीमप्रसाद आचार्यले निजी विद्यालयले सरकारलाई तिर्नुपर्ने कर सम्बन्धी सचेतनामूलक प्रशिक्षण दिएका थिए । झिलझिलेस्थित वाटर किङडम पार्क रिसोर्टमा भएको कार्यक्रममा जिल्लका निजी विद्यालयका शिक्षकहरुको सहभागिता रहेको प्याब्सन झापाका कार्यालय सचिव पदम ओलीले जानकारी दिए । कार्यक्रमको सञ्चालन प्याब्सन झापाका सचिव हरिकृष्ण पाठकले गरेका थिए ।

ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेडसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

भूमिसुधार कार्यालय भद्रपुर, झापाको
मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

जग्गाधनीको विवरण	जग्गा ठेगाना	कि.नं.	क्षेत्रफल	मोहीको नाम, थर
रुपाकुमारी चौधरी	कोहवरा-१	२८९०	१०१५.८९	चुडा/चुण्डे/चुण्डा सतार
उमादेवी राई	भद्रपुर-३	९०	३६२.०२	जगत सिंह/गजल सिंह राजवंशी
मालढाली राजवंशी	माहाभारा-३	९०२ १००७	०-१-१६ ०-०-८	कुमराज मुर्मु/कुमराज मुर्मु सतार कुमराज मुर्मु/कुमराज मुर्मु सतार
पुन्यप्रसाद सापकोटा	जुरोपानी-८	११५५	८१३७.३३	साजुदिन/रसिक सेक मिया
पुन्यप्रसाद सापकोटा रिता पाण्डे समेत	जुरोपानी-८ बाहुनडाँगी-२	१८३ १७६	५६५०.०० ४-०-०	सागिरुदिन/साजुदिन मिया गंगाधर प्रधान/गंगाप्रसाद
डिल्लीराम चापागाई	दमक- २	३११०	१-१७-१०	कुलबहादुर पौडेल
यसोदा श्रेष्ठ	दमक-१३	११५	१२८.४०	लिला प्र.बजगाई/गोविन्द प्र. मिण्डा/गोविन्द प्र.मिया
विक्रमबहादुर दाहाल	गौरीगञ्ज-८	७७१	३१००.००	मुकलार महतो नुनिया
घनश्याम यादव	खजुरगाछी-७	५६३	५१७.०६	इन्द्रलाल कार्की/जसरी/जसेरी यादव/इन्द्रलाल/इन्द्रलाल मकरा
नन्दन चौपाल्दी	खजुरगाछी-७	५६२	५०७.९४	इन्द्रलाल कार्की/जसरी/जसेरी यादव/इन्द्रलाल/इन्द्रलाल मकरा

बिशेष उपचार अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टरमा

उपचार हुने समस्याहरु: नशा च्यापिएको, कम्मर, गर्दन, घुडा दुख्ने, प्यारालाइसिस, मुख बाङ्गिएको, बाथ, युरिक एसिड, पायल्स, फिसर, फिस्टुला, ग्याष्ट्रिक, कब्जियत, पिनास, खोकी, थाइराइड, कोलेस्ट्रोल, छालाको समस्या, यौन समस्या, मृगौलाको पत्थरी, जन्डिस आदि ।

थप जानकारीक लागि :
बिर्ता आयुर्वेद एण्ड फिजियो थेरापी सेन्टर
बिर्तामोड-झापा, राजगढ बस स्टेण्ड दक्षिण (फोन नं.: ०२३-५३२३६६/९८०६०००३१३)
अष्टाङ्ग आयुर्वेद फार्मेसी ०२३-५९०१६६

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

नेपालीहरुको लागि भरपर्दो सेवा
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर

पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त-
८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

नोट: यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।
Youtube Channel : Nishat M jotic kendra

इ-साइकल र स्कुटी
ब्याट्रीबाट चल्ने स्कुटी र साइकल

विशेष छुटमा Rs. 65,000/-
विशेष छुटमा Rs. 1,50,000/-
जिटेक तराजु & ई-साइकल पसल
पुरानो भद्रपुर रोड, बिर्तामोड
9815350536, 9802742456

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

डा. विकाश जैशी, MD, DM
वरिष्ठ विशेषज्ञ : कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर, जण्डिस, हेपटाइटिस रोग
समय: प्रत्येक महिनाको अन्तिम आइतबार काठमाडौंबाट

डा. दिपायन पाण्डे, MD
विशेषज्ञ : छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समय : प्रत्येक बिहीबार

डा. आलोक झा,, MD
विशेषज्ञ: मानसिक, नशा रोग (बाल तथा किशोर मनोचिकित्सक)
समय : प्रत्येक महिनाको पहिलो शनिबार

डा. केशव कु. मण्डल, MD
विशेषज्ञ : नवजात शिशु तथा बाल रोग
समय : दैनिक सेवा

स्थानीय सेवामा समर्पित
जिवनरक्षा पोलिक्लिनिक
एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566

प्याजोलोजी ल्याब/मिडियो एक्स-रे/फिजियोथेरापी/विशेषज्ञ ओ.पि.डि. हेल्ड
प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
सम्पर्क : 9817094601

डा. प्रेम ब. शाही MS, FISS
प्रमुख विशेषज्ञ :
हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समय : दैनिक सेवा

डा. हरिशंकर प्र. यादव MD, FIEM
विशेषज्ञ : मधुमेह, थाइराइड, हर्मोन रोग
समय : प्रत्येक शनिबार

डा. धिरज तामाकार MD
विशेषज्ञ : आन्तरिक मेडिसिन तथा फिजिसियन
समय : दैनिक सेवा

डा. धिरज गिरी, MS
विशेषज्ञ : नाक, काम, घाँटी, टाउको रोग
समय : दैनिक सेवा

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
धार्मिक यात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -
मनमा खटपटी पैदा हुने समय रहेको छ, कार्यसिद्धीमा बाधा-अड्चन आउने छ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा विचार पुऱ्याउनुहोला ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
आजको दिन त्यति अनुकूल रहेको छैन, अनावश्यक यात्रा तथा खर्च हुन सक्छ, स्वास्थ्यको विशेष ध्यान दिनुहोला ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
समय अत्यन्तै वलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, व्यापार-व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
स्वास्थ्यमा ध्यान दिनुहोला, सहयोगीहरूले साथ दिनेछन्, लामो समयदेखि रोकिएर रहेका काम सुचारू हुनेछ, राम्रो जमघटका साथ मिष्ठान्न भोजनको योग रहेको छ ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
सन्तान पक्षबाट सुखद् खबर सुनिने छ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ ।

तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -
बोल्दा विचार पुऱ्याउनुहोला, नयाँ वस्त्र प्राप्तिको योग छ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्राप्ति होला ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -
समय त्यति अनुकूल देखिएन, बोल्दा विचार पुऱ्याउनु पर्छ, खानपानमा ध्यान दिनुहोला । विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला खर्चिलो योग रहेको छ ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
स्वास्थ्य प्रतिकुल बन्नेछ, मन अशान्त रहने छ, छोटो दूरीको कष्टकर यात्रा हुने सम्भावना रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -
क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन् ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -
रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौसलाले धप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने समय रहेको छ ।